Australian Government



H5 बर्ड फ्लू। के गर्ने भनेर जान्नुहोस्।

H5 बर्ड फ्लू मुख्य रूपमा चराचुरुङ्गीहरूलाई असर गर्ने रोग हो।
यो विश्वभर फैलिसकेको छ र अहिले अष्ट्रेलियामा पनि देखिएको छ।

यसले अन्य जनावरहरूलाई पनि सङ्क्रमण फैलाउन सक्छ, र दुर्लभ अवस्थाहरूमा मानिसहरूलाई समेत सङ्क्रमण फैलाउन सक्छ। यो रोग बिरामी वा मरेका चराचुरुङ्गीहरूबाट सजिलै सर्न सक्छ। यो हावाबाट, वा दूषित पानी र उपकरणबाट पनि फैलिन सक्छ।

हाम्रा वन्यजन्तु, घरपालुवा जनावरहरू र एक-अर्कालाई जोगाउनको लागि तपाईंले मद्दत गर्ने सरल उपायहरू छन्।

यदि तपाईंले घरमा कुखुराहरू वा अन्य चराचुरुङ्गीहरू पाल्नुभएको छ भने:

- चराचुरुङ्गीहरू राख्ने ठाउँ सफा राख्नुहोस्
- वन्य चराचुरुङ्गीहरूसँगको सम्पर्क कम गर्नुहोस्
- चराचुरुङ्गीको दाना-पानी सफा राख्नुहोस्
- राम्रो सरसफाइको अभ्यास गर्नुहोस्
- नयाँ ल्याइएका चराचुरुङ्गीहरूलाई केही समय अलग्गै (क्वारेन्टिन) राख्नुहोस्
- आगन्तुकहरूको पहुँच सीमित गर्नुहोस्।

यदि तपाईंसँग घरपालुवा जनावरहरू छन् भने:

- वन्य चराचुरुङ्गीहरूसँगको सम्पर्क कम गर्नुहोस्
- घरपालुवा जनावरहरूको खाना र पानी सफा राख्नुहोस्
- घरपालुवा जनावरहरूलाई बिरामी वा मरेका जनावरहरू खान वा छुन नदिनुहोस्
- विशेषगरी वन्यजन्तु भएका क्षेत्रमा कुकुरहरूलाई डोरी लगाएर राख्नुहोस्
- बिरालोहरूलाई स्वतन्त्र रूपमा यताउता घुम्न नदिनुहोस्।

यदि तपाईंले बिरामी वा मरेका चराचुरुङ्गीहरू वा अन्य जनावरहरू देख्नुभयो भने, तिनीहरूलाई नछुनुहोस्।

यसको सट्टा:

- सम्पर्क हुनबाट **बच्नुहोस्**
- तपाईंले देख्नुभएको कुरा **रिकर्ड गर्नुहोस्**
- धेरै बिरामी वा मरेका चराचुरुङ्गीहरू वा अन्य जनावरहरूका बारेमा **जानकारी दिनुहोस्।**

यदि तपाईंलाई कुनै चरा वा अन्य जनावर सङ्क्रमित भएको शङ्का छ भने, **24 घण्टे इमर्जेन्सी एनिमल डिजिज हटलाइन (Emergency Animal Disease Hotline) लाई 1800 675 888** मा फोन गर्नुहोस्।

थप जानकारीको लागि, **birdflu.gov.au** मा हेर्नुहोस्।

अष्ट्रेलियाली सरकार, क्यानबेराद्वारा अनुमोदित